मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२
कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

कोशी प्रदेश सरकार स्थापना भएको आठ वर्ष पूरा भई नौ वर्ष लागेको सुखद अवसरमा कोशी प्रदेशवासी एवम् स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु। नेपालको संविधान २०७२ घोषणा भएसँगै २०७४ साल मंसिरमा प्रदेश सभाको निर्वाचन भई फागुन ३ गते गठन भएको कोशी प्रदेश सरकार आज ९ वर्षमा प्रवेश गरेको छ।

नेपाली जनताको सात दशक लामो संघर्ष र ऐतिहासिक जनआन्दोलन ६२/६३ को जगमा बनेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट निर्दिष्ट भई प्रदेश सरकार सञ्चालनमा छ। प्रदेश सरकार सञ्चालन भएको थोरै समय भए पनि यसले उल्लेख्य उपलब्धि हासिल गरेको छ। भौतिक पूर्वाधार निर्माणदेखि सामाजिक विकास र नागरिकको जीवनस्तर वृद्धिमा प्रदेश सरकारले ठूलो प्रगति गरेको छ। प्रदेश सरकारले गरेका कामलाई नजरअन्दाज गरेर प्रदेश संरचनामाथि प्रहार पनि भइरहेका छन्। यो परिवेशमा कोशी प्रदेश सरकार आफ्ना कामलाई पारदर्शी, जवाफदेही, जनमुखी, सुशासनयुक्त र नागरिकमैत्री बनाएर अघि बढ्ने प्रयत्न गरिरहेको छ। निश्चय पनि प्रदेश सरकारको अनुभव थोरै छ। कतिपय कानुनहरु निर्माण हुन सकेका छैनन्। संघीय सरकारले पनि प्रदेशलाई चाहिने अत्यावश्यक कानुनहरू निर्माणमा ढिलाई गरिरहेको छ। यसले प्रदेशले सम्पादन गर्नुपर्ने काम गर्न असजिलो पैदा भएको अवश्य छ। संविधानले सहकार्य, समन्वय र सहअस्तित्वलाई जोड दिएको छ। संविधानको यस मर्मलाई आत्मसात् गरेर अघि बढ्न सके संघीयतालाई बलियो बनाउन सकिन्छ।

प्रदेशले केही गर्न सक्दैन भन्ने नकारात्मक प्रचारबाजीलाई चिर्दै कोशी प्रदेश सरकारले प्रदेशमा झन्डै दुई खर्बको लगानी भित्र्याउने गरी लगानी सम्मेलन गरेको एउटा गतिलो उदाहरण छ। त्यस्तै पर्यटन प्रवर्धनका लागि पर्यटन वर्ष घोषणा र पदमार्ग निर्माण गरी यहाँको पर्यटनलाई नयाँ उचाई दिने प्रयत्न हामीले गरेका छौं। प्रदेशका हरेक निर्वाचन क्षेत्रमा सडक सञ्जालको विस्तार र पुल निर्माणलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको छ। कोरोना कालमा सबैभन्दा प्रभावकारी र जनताले अनुभूति गर्ने खालको सरकारका रूपमा प्रदेश सरकार नै थियो। प्रदेश सरकार आफ्नो क्षेत्राधिकार भित्र रहेर आफ्नो अस्तित्वलाई प्रभावकारी रुपमा स्थापित गर्दै अगाडि बढिरहेको छ।

कोशी प्रदेश सरकार स्थापना भएको यस सुखद अवसरमा कोशी प्रदेश सरकारलाई देखिने, सुनिने र अनुभव गर्न सकिने सरकारका रुपमा विकास गर्दै यसलाई जनताको सरकारका रुपमा स्थापित गर्ने प्रतिबद्धताका साथ कोशी प्रदेशवासी जनतामा हार्दिक शुभकामना व्यक्त गर्दछु।

३ फागुन २०८२

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मुख्यमन्त्री